म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २५७ २०८१ साउन २५ गते शुक्रबार 9 August 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-




## २ हजारभन्दा बढी सम्बन्धविच्छेदका मुद्दा

आरजु सत्याल

हेटौंडाः मकवानपुरमा सम्बन्धविच्छेदको घटना बढिरहेको छ । ३ वर्षको अवधिमा जिल्ला अदालत मकवानपुरले २ हजारभन्दा बढी सम्बन्धविच्छेदको नयाँ मुद्दा दर्ता गरेको छ । जिल्ला अदालतको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७८/०७८ देखि गत आर्थिक वर्ष २०८०/०८१ सम्म २ हजार ८६ जनाले सम्बन्धविच्छेदको नयाँ मुद्दा दर्ता गराएका छन् ।

आर्थिक वर्ष २०७८/०७९ मा जिल्ला अदालतले सम्बन्धविच्छेदको ६ सय ९१ वटा नयाँ मुद्दा दर्ता गरेको थियो । आर्थिक वर्ष २०७९/०८० मा ७ सय ९५ वटा र गत आर्थिक वर्ष २०८०/०८१ मा ६ सय वटा सम्बन्धविच्छेदको नयाँ मुद्दा दर्ता भएको जिल्ला अदालत मकवानपुरका शाखा अधिकृत केशवराज कौशिकले जानकारी दिनुभएको छ ।

यस्तै, ३ वर्षमा ५ सय ५५ वटा मुद्दाको जिम्मेवारी सरेको छ । आर्थिक वर्ष २०७८/०७९ मा एक सय ६८ वटा, आर्थिक वर्ष २०७९/०८० मा एक सय ८० वटा र गत आर्थिक वर्ष २०८०/०८१ मा २ सय ७ वटा मुद्दाको जिम्मेवारी सरेको थियो ।

अदालतमा आर्थिक वर्ष २०७८/०७९ मा सम्बन्धविच्छेदका ८ सय ५९ वटा मुद्दा दर्ता भएको थियो । जसमध्ये ६ सय ७९ वटा मुद्दा फछ्र्यौट भएको थियो भने एक सय ८० वटा मुद्दा बाँकी थियो । आर्थिक वर्ष २०७८/०७९ मा दर्ता भएका ९ सय ७५ वटा मुद्दामध्ये ७ सय ६८ वटा मुद्दा फछ्र्यौट भएको थियो भने २ सय ७ वटा मुद्दा बाँकी रहेको थियो । यस्तै, गत आर्थिक वर्ष २०८०/०८१ मा सम्बन्धविच्छेदका ८ सय ७ वटा मुद्दा दर्ता भएका थिए । जसमध्ये ६ सय २७ वटा मुद्दा फछ्र्यौट भएका थिए भने एक सय ८० वटा मुद्दा चालु आर्थिक वर्ष २०८१/०८२ मा जिम्मेवारी सरेको छ ।

वैदेशिक रोजगारी, महिलामा आएको चेतना, गरिबी सम्बन्धविच्छेदको मुख्य कारण रहेको अदालतका उपसचिव (श्रेस्तेदार) लेखनाथ पौडेलले जनाकारी दिनुभयो । चुनौतीको सामना गर्न नसक्दा, एकअर्काको अविश्वास, लागूऔषध, मदिरा सेवन, बेरोजगारी र शोषण सहन नसक्दा सम्बन्धविच्छेदको अवस्था आउने गरेको उहाँको भनाइ छ ।

नेपालमै रोजगारी सिर्जना र सम्बन्धविच्छेदको चेतना सबैमाझ पुऱ्याएमा समस्या केहि हदसम्म कम हुनसक्ने पौडेलले बताउनुभयो । उहाँका अनुसार बाहुन-क्षेत्रीमा भन्दा धेरै दलितमा सम्बन्धविच्छेद हुने गरेको छ । पछिल्लो समय शिक्षित वर्गमा पनि सम्बन्धविच्छेदका घटना बढिरहेको छ । पछिल्लो समय पुरुषले पनि सम्बन्धविच्छेदका लागि मुद्दा दर्ता गर्न पाउने भएपछि मुद्दाको संख्या बढेको उहाँको भनाइ छ ।

## नेपालमा सय प्रकारका विषालु च्याउ पहिचान



च्याउसम्बन्धी जानकारी दिनु हुँदै डा. देवकोटा ।

समाज संवाददाता

हेटौँडाः विषालु च्याउका कारण मकवानपुरमा चालु आर्थिक वर्षमा चार जनाको मृत्यु भएको छ । विषालु च्याउको बारेमा जानकारी नपुगेका कारण देशभर हरेक वर्ष सयौंको मृत्यु भइरहेको हो । २०२० सालको तथ्याङ्क अनुसार नेपालमा एक हजार २ सय ९२ प्रकारका च्याउ रहेका छन् । जसमध्ये ३ सय ५८ प्रकारका च्याउको पहिचान भइसकेको छ ।

जनस्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा बिहिबार भएको पत्रकार अन्तर क्रियामा गण्डकीका वैज्ञानिक डाक्टर शिव देवकोटाले विभिन्न च्याउका बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो । उहाँले गर्नु भएको अध्ययन अनुसन्धान अनुसार नेपालमा सय प्रकारका विषालु च्याउ रहेको जानकारी दिनुभएको छ । एक सय ५९ प्रकारका च्याउ खाद्य (खान मिल्ने), ७४ वटा औषधीय छन् भने २५ वटा अन्य प्रकार च्याउ रहेका छन् । यस्तै, विश्वमा एक हजार ४ सय प्रकारका च्याउ रहेका छन् ।

उहाँका अनुसार मकवानपुर जिल्लामा धेरै प्रकारका विषालु च्याउ रहेका छन् । जनस्वास्थ्य कार्यालय मकवानपुरको तथ्याङ्क अनुसार गत आर्थिक वर्षको असार महिनामा विषालु च्याउका कारण मकवानपुर जिल्लाका २२ जना बिरामी भएका थिए भने चार जनाको मृत्यु भएको थियो । विषालु च्याउका कारण भइरहेको मृत्युलाई रोक्न मकवानपुरमा सर्वेक्षणको आवश्यकता रहेको डा. देवकोटाले बताउनुभयो । मकवानपुरसहित इलाम, चितवन, पाल्पा, गुल्मी, सल्यान, अर्घाखाँची जिल्लाहरूमा पनि विषालु च्याउ पाउने गरेको छ ।

प्रायः गिल्स भएको र माटोमा उम्रिने च्याउ विषालु हुने वैज्ञानिक डा. देवकोटाले जानकारी दिनुभयो । छिपिएका, भित्र कालो भएका, फेद कुहिएका, सल्ले च्याउ बाहेक थैलो भएको च्याउ र गिर्खा भएको च्याउ खान हुँदैन । डा. देवकोटाका अनुसार अमानिटा प्रजातिका च्याउ खाए ज्यान जाने गरेको छ । विषालु च्याउ खाएपछि पखाला लाग्ने, बान्त हुने र पेट दुख्ने गर्दछ । च्याउ खाएपछि यस्ता लक्षण देखिएमा तुरुन्तै डाक्टरको सल्लाह लिन उहाँले आग्रह गर्नु भएको छ । धेरै ढिलो भएमा विषालु च्याउका कारण मुत्यु हुन सक्ने डा. देवकोटा बताउनुहुन्छ ।

नायूम, नंये, राती, बोसे, गोब्रे, धमिरे, माटे च्याउ खान योग्य च्याउ हुन् । च्याउलाई प्लास्टिकमा राख्न हुँदैन भने हावा लाग्ने गरी राख्नु पर्दछ । डा. देवकोटाका अनुसार धेरै मानिसमा जंगली च्याउको सेवन सम्बन्धी भ्रमहरु रहेका छन् । चाँदीको औंठी वा चम्चामा राख्ने, अण्डा र च्याउ मिसाउने, केहि मिसाएर पकाउने, बफाउने, जनावरले खाएको, सुकाएको विषालु च्याउ खान हुन्छ भन्ने भ्रम हटाउन आवश्यक रहेको उहाँले बताउनुहुन्छ ।

## ३ महिनामा नै भवन निर्माण सम्पन्न

समाज संवाददाता

हेटौँडाः अन्तर्राष्ट्रिय दातृ संस्था सेभ द चिल्ड्रेनद्वारा ३ करोड २८ करोडको लागतमा निर्मित स्वास्थ्य सामग्री भण्डारण भवन बागमती प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ । बिहीबार हेटौँडामा आयोजित एक कार्यक्रमबीच सेभ द चिल्ड्रेन नेपालकी निर्देशक तारा क्षेत्रीले औपचारिक रुपमा भवन प्रदेश सरकारलाई हस्तान्तरण गर्नुभएको हो ।

सेभ द चिल्ड्रेनले ग्लोबल फण्ड अनुदान अन्तर्गत निर्मित अत्याधुनिक स्वास्थ्य सामग्री भण्डारण भवन प्रदेशका



स्वास्थ्य मन्त्री किरण थापालाई एक कार्यक्रमका बीच हस्तान्तरण गरिएको हो । सरकारी स्वामित्वको जमिनमा हेटौँडामा निर्मित ४७० वर्ग मिटर क्षेत्रफलमा उक्त भवन निर्माण गरिएको छ । अपांगता-मैत्री, सीसीटीभी क्यामरा निगरानी, फायर अलार्म प्रणालीयुक्त र चौबिसै घण्टा सौर्य उर्जा ब्याकअप प्रणाली जडित भवन ३ महिनामा नै निर्माण सम्पन्न गरिएको हो ।

सेभ द चिल्ड्रेन नेपालका संचार तथा मिडिया निर्देशक आयुष श्रेष्ठ जोशीका अनुसार २०८० चैत ४ मा निर्माण सुरु गरिएको उक्त भवनको निर्माण सम्पन्न गर्न ३ महिना समय लागेको हो । हाइटेक डेभलपर्स भरतपुरले ठेक्का सम्झौता गरेको ३ महिना (२०८१ असार) मा नै निर्माण सम्पन्न गरी भवन हस्तान्तरण गरेको हो ।

## नेपाली विषयको परीक्षामा ४४ जना अनुपस्थित

समाज संवाददाता

हेटौँडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० को पूरक (ग्रेडवृद्धि) परीक्षाको दोस्रो दिन ४४ जना विद्यार्थी अनुपस्थित भएका छन् । अनिवार्य नेपाली विषयको परीक्षामा ४४ जना विद्यार्थी अनुपस्थित भएका हुन् ।

अनिवार्य नेपालीको ग्रेडवृद्धि परीक्षाका लागि मकवानपुर जिल्लाबाट ५ सय ७५ जना विद्यार्थीले फारम भरेको थिए । फारम भरेकामध्ये ६ सय ३१ जना विद्यार्थी परीक्षामा उपस्थित भएको परीक्षा फोकल पर्सन सरला अधिकारीले जानकारी दिनुभयो । बुधबार अनिवार्य अंग्रेजी विषयको परीक्षामा ९४ जना विद्यार्थी अनुपस्थित भएका थिए । परीक्षामा एक हजार ५ सय १० जना विद्यार्थी उपस्थित भएका थिए ।

बुधबारदेखि सुरु भएको ग्रेडवृद्धि परीक्षा साधारण धारतर्फ साउन २९ गते सकिनेछ । प्राविधिक धारतर्फको परीक्षा भने साउन ३१ गतेसम्म सञ्चालन हुनेछ ।

जिल्लामा ग्रेडवृद्धि परीक्षाका लागि ८ वटा केन्द्र तोकिएको छ । यस वर्ष विद्यार्थीले परीक्षामा एनजी ल्याएका वा उपस्थित हुन नपाएका सबै विषयमा परीक्षा दिन पाउने व्यवस्था मिलाइएको छ ।

HYUNDAI HETAUDA WELCOMES YOU ALL FOR TEST DRIVE
THIS FRIDAY 25 SHRAWAN IN YOUR HOME TOWN.



## सम्पादकीय

# अनलाइन ठगीबाट बचौं

सूचना प्रविधिको विकासले हामीलाई धेरै कुरामा सहज भएको छ । स्वास्थ्य, शिक्षा, भ्रमण, मनोरञ्जन, व्यापार-व्यवसाय, बैंक तथा वित्त, कृषि सबै क्षेत्रमा इन्टरनेट र सूचना प्रविधिको प्रयोग भइरहेको छ । सूचना प्रविधिले हामीलाई धेरै काम गर्न सहज बनाए पनि यसले धेरै नकारात्मक प्रभावहरु पनि ल्याएको छ । इन्टरनेट र यससँग जोडिएका विभिन्न सामाजिक सञ्जाल तथा गेमिङ प्रोग्रामका साथै व्यक्ति, संस्था वा सरकारको गोपनीयता हरणसम्मको समस्याका कारण सूचना प्रविधिको नकारात्मक असर विकराल बन्दै गएको छ । प्रविधिको आवश्यकता र पहुँच बढ्दै जाँदा प्रविधिको प्रयोग गरेर हुने ठगीका घटनाहरु बढ्न थालेका छन् । चिठ्ठा परेको तथा उपहार पठाउने लोभ देखाउने, नेटवर्किङ तथा क्रिप्टोमा लगानी गर्न रकम माग्ने, ओटीपी माग्ने, अनलाइनबाट सामान पठाउनुअघि पैसा लिने गरेर अनलाइन ठगी हुने गरेको छ । नेटवर्किङ, क्रिप्टो आदिमा लगानी गर्न पैसा मागेर पनि अनलाइन ठगी हुने गरेको छ । ह्याकिङ, फिसिङ, बुलिङ, ब्ल्याक मेलिङजस्ता माध्यमबाट पनि अनलाइन ठगीका प्रयास भइरहेका छन् ।

मोबाइल, इन्टरनेट तथा सामाजिक सञ्जालबाट हुने अधिकांश ठगीका घटना भारतमा आधारित हुने गरेको प्रहरी अनुसान्धनबाट देखिए पनि पछिल्लो समय नेपालमै कार्यालय खोलेर भारतीयहरुले अनलाइनमार्फत् ठगी गरेको पाइएको छ । नेपालमै कम्पनी दर्ता गरेर अनलाइन ठगी गर्नुले साइबर सुरक्षामा गम्भीर चुनौती बन्नसक्ने सम्भावना देखिएको छ । सोमबारमात्रै मकवानपुर प्रहरीले अनलाइनमार्फत् ठगीको अभियोगमा हेटौंडाबाट ९ जना भारतीय नागरिक पक्राउ गरेको छ । मेडी असिस्ट नामको कम्पनीमार्फत् अनलाइन ठगी भइरहेको सूचनाका आधारमा उनीहरुलाई प्रहरीले पक्राउ गरेको थियो । हेटौंडा-४, पारिजातपथस्थित एक घरको पाँचौं तला भाडामा लिएर उनीहरुले अनलाइनमार्फत् ठगी गरिरहेको बताइएको छ । पक्राउ पर्नेहरु भारतको बिहार, झारखण्ड, उत्तराखण्ड र उत्तर प्रदेशका छन् । उनीहरुको साथबाट कम्पनीको छापसहित ल्यापटप ७ थान, राउटर ३ थान, मोबाइल १३ थानलगायत सामग्री बरामद गरिएको छ ।

परामर्श सेवा प्रदान गर्ने उद्देश्यले खोलिएको मेडी असिस्ट कम्पनी २०८० फागुन १० गते हेटौंडा उपमहानगरपालिकाको कार्यालयमा दर्ता गरिएको पाइएको छ । भारतको नयाँदिल्ली स्थायी बसोबास गर्ने द्रबिनकुमार सिंहको नाममा कम्पनी दर्ता भएको र मानव स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्ने गरी आन्तरिक राजस्व कार्यालय हेटौंडामा पान दर्तासमेत गरिएको छ । कम्पनीमा काम गर्ने भनिएको १२ जनामध्ये द्रबिनकुमारसहित ३ जना फरार छन् । भारतको राँचीस्थित मुख्य कार्यालयमा मेन सर्भर राखी क्विक कल क्लाइन्ट सफ्टवेयरमार्फत् काम गर्ने गरेको प्रहरीको अनुसन्धानबाट पत्ता लागेको छ । सो सफ्टवेयरमार्फत् लक्षित समूह पहिचान गरी सम्पर्क गर्ने र सम्पूर्ण विवरण भारत ट्रान्सफर गर्ने गरिएको प्रहरीको भनाइ छ । प्रहरी अनुसन्धानबाट कम्पनीले कानुनबमोजिम कुनै पनि आर्थिक कारोबार नगरेको र अभिलेखसमेत नराखेको फेला परेको छ । काम कारवाहीको डाटासमेत हेड अफिसको सर्भरमा राख्ने गरेको र अधिकांश रातको समयमा मात्र काम गर्ने गरेको अनुसन्धानमा खुलेको छ ।

विभिन्न किसिमका साइबर अपराध र अनलाइन ठगी भएको भन्दै प्रहरीमा उजुरी दिने क्रम बढ्दो छ । लोभ, प्रलोभन, महत्वाकांक्षा, संवेगलाई नियन्त्रण गर्न नसक्दा र इन्टरनेट सुरक्षाका बारेमा पर्याप्त जानकारी नहुँदा अनलाइन ठगीका घटना बढेका हुन् । अनलाइन ठगीबाट बच्न आम नागरिक स्वयम् सचेत हुनुपर्छ । सामाजिक सञ्जालमा जोडिएकै कारण वा कसैले भन्दैमा सजिलै विश्वास गर्नु हुँदैन । सूचना प्रविधिले दिएको सकारात्मक कुराहरुबाट फाइदा लिँदै यसका नकारात्मक पक्षप्रति सचेत भएर सुरक्षाका उपायहरु अपनाउनु नै साइबर अपराध र अनलाइन ठगीबाट बच्ने उपाय हो । सूचना प्रविधिको दुरुपयोग गरेर आपराधिक क्रियाकलाप गर्नेलाई कानुनी कारबाहीको दायरामा ल्याउन प्रहरी प्रशासनको थप सक्रियता आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : दौड धुपमा समय व्यतित हुने योग छ ।
**वृष** : प्रतिष्ठित काम गर्न मौका मिल्ने समयको योग छ ।
**मिथुन** : रोकिएको धन हातपर्ने समयको योग छ
**कर्कट** : प्रशासनीक कामहरुको समय क्रमश हल होला
**सिंह** : मर्मतको संघारका लागि योजना बनाइने समय छ ।
**कन्या** : दर्शनीक गतिविधिका काममा सरिक भइला ।
**तुला** : कामप्रति निष्ठा राखि अघि बढ्दा राम्रो ।
**वृश्चिक** : सामाजिक कामबाट लाभ प्राप्ति हुनेछ ।
**धनु** : धार्मिक एंव सामाजिक काममा मन जाला ।
**मकर** : अध्ययन अध्यापनका काम ठिकै रहला ।
**कुम्भ** : प्रतिस्पर्धाका काममा विजयी प्राप्त हुनेछ ।
**मीन** : धार्मिक यात्राको क्षेत्रमा सरिक भइने योग छ ।

# जाइफलको आयुर्वेदमा के महत्व छ ?



डा. पुनेश्वर केशरी



मासुमा थोरै जाइफल मिसाइदिनुपर्छ, स्वाद र सुगन्ध दोब्बर हुन्छ । मासु मात्र होइन, अरु झोलिलो खानेकुरामा जाइफल प्रयोग गर्न सकिन्छ ।

जाइफललाई आयुर्वेद तथा संस्कृतमा 'जाति फल' भनिन्छ । जाति फलभित्र हुने कडा भागलाई सामान्य भाषामा जाइफल भनिन्छ । यसको स्वाद तीतो र पीरो हुन्छ । यसले शरीरमा गर्मी उत्पन्न गराउँछ । जाइफलको धुलो मसला वा औषधिको रूपमा प्रयोग मात्र गरिंदैन । यसबाट तेल र परफ्युम पनि तयार हुन्छ ।

जाइफलको प्रयोगले स्वास्थ्यलाई धेरै फाइदा गर्ने भएकाले आयुर्वेदमा यसलाई बहुउपयोगी जडीबुटी मानिन्छ ।

### जाइफलबारे रोचक इतिहास

पहिलो शताब्दीमा यसको बिरुवा रोममा देखिएको थियो । छैटौं शताब्दीमा अरब व्यापारीले यसलाई कोन्स्टेन्टिनोपल भित्र्याए । त्यस समयमा 'डच युद्ध' चलिरहेको थियो । जसमा धेरै मानिस मारिएका थिए ।

यसैबीच ब्रिटिश इस्ट इण्डिया कम्पनीले जाइफलको बिरुवालाई कोन्स्टेन्टिनोपलबाट भारत ल्याउँदै अन्य देशमा पठाउने गरेको थियो । जसकारण भारतबाट एसियाली मुलुकमा जाइफल फैलिएको पाइन्छ । 'ग्रीन गोल्ड' भनिने यस बिरुवा इण्डोनेसियामा उत्पत्ति भएको मानिन्छ ।

जाइफलको बिरुवा रोपेको पाँच वर्षमा बल्ल फूल फुल्छ । र, रुख परिपक्व हुन १५ वर्ष लाग्छ । जब यो रुखको रूपमा बढ्छ, तब ५० वर्षसम्म फल लाग्छ ।

एउटा रुखमा दुई हजारभन्दा बढी जाइफल फल्छ । यो फल सुरुको काँचो अवस्थामा पहेंलो रङको हुन्छ । जब यसको रुखमा पहेंलो रङको फूल फक्रिन थाल्छ, यसको सुन्दरता थप बढ्छ ।

राम्रोसँग पाकेपछि यसको बाहिरको भाग खस्रो हुन्छ । पाकेपछि यसलाई सुकाइन्छ । यो फललाई सुक्न मात्र दुई महिना लाग्छ । ज्वालामुखी भएका क्षेत्रमा यसको उत्पादन बढी हुन्छ । यसको आश्चर्य लाग्ने कुरा भनेको यसको भाले पोथी दुवै जात हुन्छ । जुन भिन्न भिन्न फुल्छ ।

### यसमा के कस्ता तत्व पाइन्छ ?

यसमा एन्टिअक्सिडेन्ट, एन्टिडायबेटिक, एन्टिहाइपरलिटी, एन्टि-इन्फाल्मेटरी र एनालजेसिक, माइलिस्टिसिन, ट्राइमाइयुजामोल रसायनिक तत्व पाइन्छ । भिटामिन सी, बी, बी १२, सोडियम, पोटासियम, आइरन, म्यागनेसियम र खनिज पनि प्रचुर मात्रामा पाइन्छ ।

यसमा हुने एन्टि-हाइपरलिटी तत्वले लिपिड (कोलेस्टोरोल) बढेको अवस्थामा घटाउन काम गर्छ । एन्टि-इन्फाल्मेटरी र एनालजेसिक तत्वले दुखाइ र अंग सुन्निएको कम गर्छ । र, एन्टि-डायबेटिकले शरीरमा ब्लड सुगर नियन्त्रण गर्छ ।

### के छन् फाइदा ?

पुरुषको शरीरमा शुक्राणु बन्ने प्रक्रिया कम भयो वा वीर्यको संख्या पातलियो भने जाइफलको सेवन उपयोगी हुन्छ । जाइफलले यौन शक्ति बढाउने धेरैजसो अध्ययनमा उल्लेख गरिएको छ । नेसनल मेडिसिन इन्स्टिच्युटमा प्रकाशित अध्ययनअनुसार यसमा उत्तेजित पार्ने तत्त्व हुन्छ । जसकारण यसको प्रयोग दिनहुँ थोरै मात्र गर्ने हो भने पुरुषमा उत्तेजना, यौन इच्छा ल्याई यौनशक्ति बढाउँछ ।

अफ्रिकामा जाइफल हालेर एक पारम्परिक खाद्य पदार्थ 'पोरेज' तयार गरिन्छ । सो पकवान यौन इच्छामा रुचि नहुने महिलालाई औषधिको रुपमा दिइन्छ । किनकि जाइफलमा उत्तेजक पार्ने तत्व हुन्छ ।

ब्रेन टनिक : जाइफललाई रोमन र ग्रीक सभ्यतामा मस्तिष्कको टोनिकको रूपमा प्रयोग गरिन्थ्यो । अर्थात्, यसको सेवनले थकान र तनाव कम गर्न गरी मस्तिष्कलाई आराम दिन्छ । यसले एकाग्रता पनि बढाउँछ ।

दुखाइ निवारक : जाइफल दुखाइ कम गर्न प्रयोग गर्न सकिन्छ । प्राचीन चिनियाँ औषधिहरूमा जाइफलको प्रयोग शीर्ष स्थानमा रहेको पाइएको छ । आज पनि जाइफलको तेल जोर्नी दुखाइ, मांसपेशी दुखाइ र बाथरोगमा राहत पाउन उत्कृष्ट मानिन्छ ।

अपच : नेपालमा शताब्दीयौंदेखि अपचबाट छुटकारा पाउन जाइफलको प्रयोग हुँदै आएको छ । पखाला, कब्जियत र बान्ताको समस्या जाइफल खानु लाभदायक मानिन्छ । पेट फुल्ने समस्याबाट छुटकारा पाउन पनि जाइफलको प्रयोग गरिन्छ । यसले पेटको जुका मार्न एन्टिएलर्जीको रूपमा काम गर्छ ।

सासको दुर्गन्ध हटाउन : जाइफललाई धुलोको रुपमा प्रयोग गरेर सासको दुर्गन्ध हटाउन सकिन्छ । यसमा हुने एन्टिब्याक्टेरियल गुणले मुखमा हुने कीटाणुलाई नष्ट गर्छ ।

कलेजो र मिर्गौला सफा राख्न : धेरै प्रकारका विषाक्त पदार्थ खानाबाट शरीरमा प्रवेश गर्न सक्छन् । दूषित हावापानी, सुर्तीजन्य पदार्थको सेवन र मद्यपानले पनि शरीरमा जटिल विषाक्त पदार्थ छोड्छ ।

जाइफलले यसबाट छुट्कारा पाउन जाइफलले मद्दत गर्छ । शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्ने बित्तिकै यसले कलेजो र मिर्गौला स्वास्थ्यमा सुधार आउँछ ।

रुघाखोकी, दम तथा पिनास : यसमा एन्टिएलर्जी गुण हुने भएकाले खोकी, दम पिनासको समस्यामा राहत दिन्छ । साथै, यसलाई पानीमा मिसाएर खाँदा जमेको खकार तथा सिंगान निकाल्छ ।

### अन्य फाइदा

जाइफल घोटेर दूधमा मिसाई पिउनाले निद्रा लाग्छ । तर बढी मिसाएमा हानिकारक हुनसक्छ । जीउ दुखेमा, हातगोडा गलेमा जाइफललाई पानी वा दूधमा पकाई पिउने गर्दा त्यो समस्या केही क्षणमै सुधार हुन्छ ।

### कसरी प्रयोग गर्ने ? कति मात्रा खाने ?

जाइफल धुलो र तेलको रूपमा प्रयोग गरिन्छ । यसको धुलो पानी, दूध वा तरकारी र खीरमा मिसाउन सकिन्छ । तर यसलाई पिनेर धुलो बनाएर लामो समयसम्म राखियो भने यसको बास्नामा कमी आउँछ ।

जहाँसम्म मात्राको कुरा छ, दैनिक खाने हो भने २५० एमएलदेखि एक ग्रामसम्म मनतातो पानी वा दूधसँग मिसाएर खान सकिन्छ । जाइफलको दुई ग्राम धुलोमा दुई ग्राम मिस्री मिसाएर दैनिक खाएमा शरीरलाई हृष्टपुष्ट बनाउँछ ।

ध्यान दिनुपर्ने कुरा भनेको जाइफलभित्र एउटा पातलो पत्र हुन्छ, त्यससलाई झिक्नुपर्छ । त्यसले स्वास्थ्यलाई फाइदा गर्दैन ।

यसको तेलले दुखाइमा राहत दिन्छ । यसको छालामा हुने घाउ र खटिरा तथा डण्डीफोरमा प्रयोग हुन्छ । यो तेल १६ थोपा भन्दा बढी लगाउनु हुँदैन । स्वाद र स्वास्थ्यका लागि राम्रो हो भन्दैमा अत्यधिक खान भने हुँदैन । एक ग्रामभन्दा बढी खाएमा विषाक्त लक्षण देखिन्छ ।

### मात्रा बढी भएमा देखिने साइड इफेक्ट

अत्यधिक खाएमा शरीरलाई गर्मी गर्ने, भ्रम सिर्जना गर्ने, मुटुको दर अनियमित हुने, मुख सुक्खा गराउने र चक्कर लाग्ने हुनसक्छ । पछिल्ला केही अध्ययनले यसको मात्रा बढी भएमा निःसन्तानपनको जोखिम गराउने समेत देखिएको छ ।

### कसले खान हुँदैन ?

यदि एलर्जी आइरहने समस्या छ भने यो औषधि खानु हुँदैन । त्यस्तै, यसमा गर्भाशयलाई उत्तेजित पार्ने तत्त्व हुन्छ । जस कारण गर्भ बसेको ३ महिनासम्म जाइफल खानुहुँदैन ।

त्यस्तै, रगत पातलो पार्ने औषधि खाएकोले र डिप्रेसनको औषधि खाएकोहरुले जाइफल नखानु उचित हुन्छ ।

*(स्रोत: अनलाईनखबर)*

# सेयर बजारमा थरीथरीका ट्र्याप



रमेश घिमिरे

नेपालमा तीन वर्षजति नेप्से परिसूचक १८०० देखि २२०० बिन्दुको बीचमा खेल्यो । अहिले एक महिनामै २८०० बिन्दु हाराहारी पुग्यो । तर, बटममा सेयर किन्ने सबैले अहिले सेयर बेच्दा नाफा गर्दैनन् । कुनै कम्पनीको मूल्य त्यतिखेरभन्दा कम छ ।

धेरै कम्पनी किनेर होल्ड गरेको भए औसतमा नाफा हुन्छ । तर, थोरै मात्र कम्पनी होल्ड गरेको छ । ती कम्पनी मूल्य घट्नेमा परेका छन् भने बजार बुलिस भए पनि लगानीकर्ता घाटामा हुन्छ । थोरै मात्र कम्पनी होल्ड गरेको छ । ती कम्पनीको मूल्य नेप्से परिसूचकभन्दा निकै माथि बढेका छन्, मालामाल कमाइ हुन्छ ।

तलको टेबुलमा उदाहरणका लागि केही कम्पनीको मूल्य नेप्से परिसूचकसँग तुलना गरेर प्रस्तुत गरिएको छ । २०२३ अगस्ट १ मा नेप्से परिसूचक २०७८ थियो । त्यतिखेर हिमालयन डिस्टिलरीको सेयर मूल्य २०३८ रुपैयाँ थियो । २०२४ को अगस्ट १ मा नेप्से परिसूचक २७५५ पुगेको छ । डिस्टिलरीको सेयर मूल्य भने त्यतिखेरभन्दा कम अर्थात् १५८२ रुपैयाँ मात्र छ ।

अर्कातिर नेफ्राको मूल्य एक वर्षमा २१३ बाट बढेर २८० रुपैयाँ पुगेको छ । उता एनआईसी एसिया बैंक लि.को मूल्य ६०३ रुपैयाँबाट घटेर ५१७ रुपैयाँमा आएको छ । नबिल बैंकको सेयर मूल्य उही बिन्दुमा छ । एक वर्षअघि ६११ रुपैयाँ थियो । अहिले जम्मा ६१५ पुगेको छ ।

हिमालयन लघुवित्तको सेयर मूल्य एक वर्षअघि ६७८ रुपैयाँ थियो । अहिले १२५३ रुपैयाँ पुगेको छ । यो अवधिमा अर्को लघुवित्त कम्पनी निर्धन उत्थान बैंकको मूल्य हेर्ने हो भने ६९० रुपैयाँबाट ८४४ रुपैयाँ मात्र पुगेको छ ।

चिलिमे हाइड्रोको मूल्य एक वर्षअघि ४४२ रुपैयाँ थियो । १० प्रतिशत बोनस सेयर दिएकाले सो मूल्य ४०२ रुपैयाँ बराबर हुन आयो । अहिले चिलिमेको मूल्य ६२५ रुपैयाँ पुग्यो । यही अवधिमा अपर तामाकोशीको मूल्य १७७ रुपैयाँबाट २१७ रुपैयाँ पुगेको छ । २५५ रुपैयाँ रहेको मूल्य १:१ हकप्रद सेयरको कारण समायोजित मूल्य १७७ भएको हो ।

बजार सूचक टपबाट बटममा आउँदा पनि गुमाउने पैसा कम्पनीअनुसार धेरै अन्तर हुन्छ । विगतमा नेप्से परिसूचक ३२०० बिन्दुसम्म पुगेको थियो । माथिकै मिति अर्थात २०२३ अगस्ट १ को नेप्से परिसूचकसँग तुलना गर्ने हो भने ३५ प्रतिशतले बजार मूल्य घट्यो । विगतमा ९०० पुगेको अपर तामाकोशीको मूल्य १७७ रुपैयाँसँग तुलना गर्ने हो भने ८० प्रतिशतले घटेको देखिन्छ ।

बजारमा बुल आउँदा पनि कुनै कम्पनीको सेयर मूल्य तलै बस्छ । त्यस्तै, बियर आउँदा पनि माथि नै बस्छ । होल्ड इज गोल्ड भन्ने सेयर बजारमा एउटा सिद्धान्त छ । तर, सधैं यसबाट लाभ हुन्छ भन्ने छैन । गलत कम्पनी छनोट भयो भने यसले डुबाउँछ ।

किनेको सेयरको मूल्य भोलिबाटै घट्न सुरु गर्यो । अथवा बढे पनि आफूले बिक्री गरिएन र पछि घट्यो । यस्तो अवस्थामा घाटामा परिन्छ । स्टप लस, एभरेजिङ, क्यासमा बस्ने, स्क्रिप्ट सट्टापट्टा आदि विधि अवलम्वन गरेर घाटा कभरेज गर्ने र पुनः नाफा गर्न सकिन्छ ।

उदाहरणका लागि ७०० रुपैयाँमा निफ्राको सेयर किन्ने व्यक्तिले ६५० रुपैयाँ मूल्य हुँदा नै बेचेको भए घाटा कम हुन्थ्यो । लामो समय पैसा होल्ड गरेर २०० रुपैयाँमा आउँदा किनेर अहिले २८० रुपैयाँमा बेच्न सके राम्रो मुनाफा गर्न सक्दथ्यो ।

माथिको उदाहरणमा निफ्रा ६५० रुपैयाँमा स्टप लस गरेको व्यक्तिले ६०० रुपैयाँमा आएपछि किन्यो । मूल्य अझ घटेर ५७० रुपैयाँमा आएपछि पुनः स्टप लस गर्यो । मूल्य घटेर ५३० मा आएपछि पुनः इन्ट्री गर्यो । तर मूल्य अझ घटेर ५०० रुपैयाँ आयो र पुनः स्टप लस गर्यो । यसरी स्टप लस गरियो भने धेरै नोक्सानी हुन्छ ।

सेयर मूल्य सीधा रेखामा घट्ने वा बढ्ने गर्दैन । नेप्से परिसूचक घट्दा पनि ट्रेडिङ गर्ने व्यक्तिले मासिक ५ प्रतिशत अर्थात् वार्षिक ६० प्रतिशतसम्म नाफा गरेको देखिन्छ । बजार बढ्दा त मासिक २० प्रतिशत अर्थात् वार्षिक २४० प्रतिशतसम्म नाफा गर्ने भेटिन्छन् ।

सेयर बजारमा अरूले कमाएको देखेर पैसा हाल्दैमा आफूले पनि कमाइन्छ भन्ने

...बाँकी पृष्ठ ३ मा

# बगमतीमा ७६ हजार बढी गाई भैंसीमा लम्पी विरुद्धको खोप लगाइने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा आज साउन २५ गतेबाट लम्पी स्कीन रोग विरुद्धको खोप अभियान सुरु हुने भएको छ। प्रदेशका १३ जिल्लाका गाई भैंसीलाई अभियानमार्फत् एक सातासम्म लम्पी स्कीन रोग विरुद्धको खोप लगाइने प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयले बिहीबार पत्रकार सम्मलेन गर्दै पशुपालन तथा पशुजन्य उत्पादनको क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको गाई/भैंसीपालन लक्षित गर्दै खोप अभियान सञ्चालन गर्ने तयारी गरेको जानकारी दिएको हो। उक्त अभियानअन्तर्गत प्रदेशका १३ जिल्लाका ७६ हजार २७५ पशुमा खोप लगाउने लक्ष्य मन्त्रालयले राखेको मन्त्रालयका सचिव विनोदकुमार भट्टराईले बताउनुभयो ।

उहाँका अनुसार प्रदेशमा करिब १० लाख ११ हजार १३६ गाई र ८ लाख ३२ हजार १९३ भैंसीलाई लम्पी स्कीन रोग लाग्न नदिन मन्त्रालयले वार्षिक कार्यक्रमअन्तर्गत नै खोप अभियानलाई अघि बढाएको हो। लम्पी स्कीन रोगबाट गाई भैंसीको मुत्युदर ३.१ प्रतिशत रहे पनि दूध उत्पादन ८० प्रतिशतसम्म घट्ने भएकाले कृषकहरुको आर्थिक क्षति न्यूनीकरणका लागि अभियान सञ्चालन गरिएको उहाँको भनाइ छ। प्रदेशमा वार्षिकरुपमा ४ लाख ५५ हजार १४२ मेट्रिक टन दूध उत्पादन भइरहेको उहाँले बताउनुभयो ।

कृषकहरुको सहायताका लागि संघ, प्रदेश र स्थानीय तहसँगको समन्वयमा लम्पी स्किन रोगको प्रकोप नियन्त्रण गर्न एकै पटक १३ जिल्लामा खोप अभियान सञ्चालनको तयारी गरिएको सचिव भट्टराईले बताउनुभयो ।

## ३७६ जना भ्याक्सिनेटर नियुक्त

मन्त्रालयले खोप अभियान सञ्चालनका लागि मातहतका पशु सेवा कार्यालयहरुबाट लम्पी स्कीन रोग विरुद्धको ६२ हजार ९७५ डोज खोप लगाउने तयारी गरेको छ। सो खोप लगाउन प्रदेशका १३ जिल्लाका लागि ३७६ जना भ्याक्सिनेटर नियुक्त गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार ललितपुरका लागि ८ हजार ३२५ डोज खोप लगाउन ५४ भ्याक्सिनेटर, मकवानपुरका लागि ७ हजार ५ सय डोज खोप लगाउन ६२ भ्याक्सिनेटर र नुवाकोटका लागि ११ हजार डोज खोप लगाउन २५ भ्याक्सिनेटर नियुक्त गरेको छ। यस्तै, धादिङका लागि ६ हजार ९ सय डोज खोप लगाउन ४२ भ्याक्सिनेटर, चितवनका लागि ८ हजार डोज खोप लगाउन १३ भ्याक्सिनेटर र दोलखाका लागि ५ हजार डोज खोप लगाउन २५ भ्याक्सिनेटर रहनेछन् । काभ्रेका लागि ८ हजार डोज खोप लगाउन ९५ भ्याक्सिनेटर र सिन्धुलीका लागि ८ हजार २५० डोज खोप लगाउन ६० भ्याक्सिनेटर सम्बन्धित पशु सेवा कार्यालयबाट नियुक्त गरिएको छ । सो अनुसारको खोप र भ्याक्सिनेटर सम्बन्धित स्थानका खोप केन्द्रहरुमा पुऱ्याएको मन्त्रालयले जनाएको छ । लक्ष्यअनुसारको खोप अपुग हुने भएकाले केही खोप खरिद गरेर पठाइने मन्त्रालयका सचिव भट्टराईले बताउनुभयो ।

## लम्पीबाट ११ हजार बढी गाई भैंसीको मृत्यु

मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा लम्पी स्कीन रोगबाट प्रदेशका १३ जिल्लामा ११ हजार बढी गाई भैंसीको मृत्यु भएको छ। आर्थिक वर्ष २०८०/०८१ मा ११ हजार २१८ गाई भैंसी लम्पी स्कीन रोगबाट मृत्यु भएको मन्त्रालयको तथ्यांक रहेको छ । रोगबाट प्रदेशमा ३७ हजार ८९ गाई भैंसी संक्रमित भएको र २ लाख ५६ हजार ७५९ पशु प्रभावित भएका छन् । प्रदेशमा २ लाख ४५ हजार २२२ गाई भैंसीलाई लम्पीविरुद्धको खोप लगाइएको छ ।

लम्पी स्कीन रोगबाट काभ्रेमा २ हजार ४१२ गाई भैंसी मरेका थिए भने ८ हजार ५०५ संक्रमित भएका थिए । रोगका कारण ४० हजार १०१ पशु प्रभावित भएको र रोगबाट जोगाउन गत आर्थिक वर्षको असारसम्ममा ५७ हजार ४३३ गाई भैंसीमा लम्पी स्कीन रोग विरुद्धको खोप लगाएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

सिन्धुपाल्चोकमा लम्पीबाट १ हजार ३२८ गाई भैंसी मरेको र ५ हजार ९४७ संक्रमित भएका छन् । रोगबाट २७ हजार ९३५ पशु प्रभावित हुँदा १८ हजार ५५४ गाई भैंसीलाई रोग विरुद्धको खोप लगाइएको छ । दोलखामा १ हजार १० गाई भैंसी लम्पी रोगका कारण मरेका छन् भने ७ हजार २३८ संक्रमिति भएका छन् । दोलखामा लम्पीबाट ३७ हजार ६८८ पशु प्रभावित हुँदा ८ हजार ९३४ गाई भैंसीलाई रोग विरुद्धको खोप प्रदान गरिएको छ ।

सिन्धुलीमा रोगबाट १ हजार ६८९ गाई भैंसी संक्रमित हुँदा ९४९ गाई भैंसी मरेका छन् भने २८ हजार ५५३ पशु प्रभावित भएका छन् । सिन्धुलीमा ५ हजार ४७८ गाई भैंसीलाई रोग विरुद्धको खोप लगाइएको छ ।

मकवानपुरमा रोगबाट १४ हजार ६८९ पशु प्रभावित भएको तथ्यांक रहेको छ भने ६९८ गाई भैंसी संक्रमित भएका छन् । रोगबाट मकवानपुरमा ५०१ गाई भैंसी मरेका छन् भने ३१ हजार ६०६ गाई भैंसीलाई रोग विरुद्धको खोप लगाइएको छ । रामेछापमा रोगबाट ४ हजार ५९१ गाई भैंसी संक्रमित भएको र ९७५ गाई भैंसी मरेका छन् । रोगबाट २६ हजार ३१४ वटा पशु प्रभावित भएको र २३ हजार ९०८ गाई भैंसीलाई रोग विरुद्धको खोप लगाइएको छ ।

चितवनमा रोगबाट ६४० गाई भैंसी संक्रमित हुँदा ४०२ वटा मरेका छन् भने १२ हजार ५२३ पशु प्रभावित भएका छन् । चितवनमा २७ हजार ४१७ गाई भैंसीलाई रोग विरुद्धको खोप लगाइएको छ । धादिङमा रोगबाट १ हजार ५१८ गाई भैंसी संक्रमित हुँदा ९५९ वटा मरेका छन् भने २५ हजार १७२ पशु प्रभावित भएका छन् । धादिङमा १३ हजार १३३ गाई भैंसीलाई लम्पी स्कीन रोग विरुद्धको खोप लगाइएको मन्त्रालयको तथ्यांक रहेको छ ।

नुवाकोटमा रोगबाट १ हजार ३४ गाई भैंसी मरेका छन् भने १ हजार ८८३ संक्रमित भएका मन्त्रालयको तथ्यांक रहेको छ। जसबाट १९ हजार ४४५ पशु प्रभावित भएको र १२ हजार ६ सय गाई भैंसीलाई लम्पी स्कीन रोग विरुद्ध खोप दिइएको छ। रसुवामा रोगबाट १ हजार ७५० गाई भैंसी संक्रमित हुँदा २३६ मरेका छन् । रोगबाट २ हजार ७४० पशु प्रभावित भएको रसुवामा ६ हजार २ सय गाई भैंसीलाई रोग विरुद्धको खोप लगाइएको छ ।

काठमाडौंमा लम्पीबाट ६०५ गाई भैंसी मरेका छन् भने १ हजार २४४ संक्रमित भएका छन् । रोगबाट ९ हजार ८४४ पशु प्रभावित हुँदा १९ हजार १४७ गाई भैंसीलाई रोग विरुद्धको खोप लगाइएको छ । ललितपुरमा लम्पीका कारण २४९ गाई भैंसी मरेका छन् भने १ हजार २२३ संक्रमित भएका छन् । रोगबाट ४ हजार ६९४ पशु प्रभावित भएको र १४ हजार १६६ गाई भैंसीलाई रोग विरुद्धको खोप लगाइएको छ। भक्तपुरमा लम्पीबाट ५८८ गाई भैंसी मरेको र २ हजार ३१४ संक्रमित भएका छन् । रोगबाट ७ हजार ६१ पशु प्रभावित हुँदा ६ हजार ५४६ गाई भैंसीलाई खोप लगाइएको छ ।

# शिक्षा प्रदेश सरकारको प्राथमिकताको क्षेत्र हो: मन्त्री खड्गी

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशकी सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले एसईईको पूरक (ग्रेडवृद्धि) परीक्षा भइरहेका केन्द्रहरुको निरीक्षण तथा अनुगमन गर्नुभएको छ । बुधबारबाट सुरु भएको एसईईको ग्रेडवृद्धि परीक्षा सञ्चालन भइरहेका बखत मन्त्री खड्गीले काठमाडौं, भक्तपुर र ललितपुरका ४ विद्यालयमा अनुगमन तथा निरीक्षण गर्नुभएको हो ।

निरीक्षणको क्रममा उहाँले विद्यालयको भौतिक तथा शैक्षिक अवस्थाको समेत अवलोकन गर्नुभएको छ। उहाँले सम्बन्धित विद्यालयका व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षक र कर्मचारीहरुसँग अन्तरक्रियासमेत गर्नुभएको थियो ।

मन्त्री खड्गीले शिक्षा क्षेत्रको विकासलाई प्रदेश सरकारले प्राथमिकताका साथ अघि बढाएको र शिक्षाको गुणस्तर सुधार तथ विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले निरीक्षण गरेको बताउनुभयो । सामुदायिक विद्यालयको स्तर सुधार गर्ने र नतिजामुखी शिक्षण सिकाइको अवधारणाअनुसार काम गर्ने निर्देशन मन्त्री खड्गीले दिनुभएको छ ।

निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयको नतिजा खस्कनुको कारणसहित गुणस्तर सुधारका लागि योजना निर्माण गरेर मन्त्रालयमा पेश गर्न उहाँले विद्यालयहरुलाई निर्देशन दिनुभएको छ । प्रदेश सरकार शिक्षाको विकास र विद्यार्थीहरुको भविष्यप्रति गम्भीर भएर अघि बढेको उहाँको भनाइ छ ।

उहाँका अनुसार निजी विद्यालयले कम स्रोतमा पनि उत्कृष्ट नतिजा हासिल गर्न सक्ने तर, सामुदायिक विद्यालयमा पारिश्रमिक तथा अन्य स्रोत पर्याप्त हुँदा पनि नसक्नुको अवस्थाका विषयमा सबै पक्षले ध्यान दिनुपर्ने हुन्छ । गुणस्तरीय शिक्षा दिने विषयमा सम्बन्धित विद्यालयका शिक्षकहरुले नै अपनत्व लिएर अभिभावकत्व बहन गर्नुपर्ने उहाँको भनाइ छ। पठनपाठनको प्रवृत्ति सुधार गरेर काम गर्न र विद्यार्थीको भविष्यमाथि खेलवाड नगर्न उहाँले निर्देशन दिनुभयो। अनुगमनका क्रममा विद्यालयका प्रधानाध्यापकहरुले शिक्षकहरुको क्षमता विकास, तालिम तथा प्रविधिको प्रयोग तथा सुविधायुक्त ल्याब र भौतिक संरचना निर्माण गर्नुपर्ने आवश्यकता रहेकाले सरकारले त्यसतर्फ ध्यान दिनुपर्ने बताएका थिए । अनुगमन टोलीमा प्रदेशसभा सदस्य सुरेश श्रेष्ठ, शिक्षा निर्देशनालय बागमती प्रदेशका महानिर्देशक दीपेन्द्र सुवेदीलगायतको सहभागिता रहेको थियो ।

# बंगलादेशको अन्तरिम सरकार प्रमुख मुहम्मद युनुसले लिए शपथ

काठमाडौंः बंगलादेशको अन्तरिम सरकारको प्रमुखका रुपमा नोबेल पुरस्कार विजेता प्राध्यापक मुहम्मद युनुसले शपथ लिएका छन् । उनले अन्तरिम सरकारको प्रमुख सल्लाहकारको रुपमा बिहीबार राति राष्ट्रपति कार्यालय बंगभवनमा आयोजित विशेष समारोहबीच राष्ट्रपति मोहम्मद शहबुद्दीनसमक्ष पद तथा गोपनीयताको शपथग्रहण गरेका हुन्। युनुस नेतृत्वको अन्तरिम सरकारमा १६ सदस्य छन् । तीमध्ये नहिद इस्लाम र आसिफ महमुद आरक्षणविरोधी आन्दोलनको नेतृत्व गर्ने विद्यार्थी नेता हुन् ।

शेख हसिनाले प्रधानमन्त्रीबाट राजीनामा दिएर देश छाडेपछि बंगलादेशको राजनीतिक संक्रमणकाललाई पार लगाउने जिम्मेवारी ८४ वर्षीय युनुसले पाएका हुन् । हसिनाको शासनकालमा भ्रष्टाचार र कानुन उल्लंघनका नाममा दर्जनौं मुद्दा खेपेका युनुस खासमा बंगलादेशका गरिब नागरिक र अन्तर्राष्ट्रिय समुदायमा भने उनी नेतृत्वका विभिन्न सामाजिक अभियानहरुका कारण चर्चित र सम्मानित छन्। त्यही सम्मानित व्यक्तित्वका कारण मुलुकको राजनीतिक संक्रमणकाललाई पार लगाउने अभिभावकका रुपमा युनुसलाई अघि सारिएको हो ।

हसिनाको सत्ता ढाल्ने कारक बनेको विद्यार्थी आन्दोलनका अगुवाहरूले सुरूमा युनुसलाई अन्तरिम सरकारको प्रमुखको रूपमा अघि सारेका हुन् । विद्यार्थी आन्दोलनका अगुवाको मागलाई सम्बोधन गर्दै बंगलादेशको सेना र अन्य राजनीतिक दलहरूले पनि युनुसलाई जिम्मेवारी दिन तयार भए । सबैको आग्रहलाई स्वीकार्दै युनुस सरकारको प्रमुख बनेका छन् ।

*स्रोतः इकान्तिपुर ।*

## शिक्षक आवश्यकता

सूचना प्रकाशित मितिः २०८१/४/२५

बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति २०८१/०४/२४ को च.नं. १२४ को प्राप्त विज्ञापन अनुमतिपत्र अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिलको शिक्षक पदमा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**
**विज्ञापन नं.: ०१/०८१/०८२**
पद/श्रेणीः मावि/तृतीय गाउँपालिका अनुदान
विषयः अंग्रेजी
आवश्यक संख्याः १ (एक)
परीक्षा दस्तुरः १,५००/-
शैक्षिक योग्यताः मूल विषय अंङ्ग्रेजीमा स्नातक तह उत्तीर्ण गरेको ।
उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
तलव सुविधा गाउँपालिकाबाट बाट तोकिए बमोजिम ।
छनौटको किसिमः लिखित, अन्तरवार्ता ।
दरखास्त दिने अन्तिम मितिः २०८१/०५/०७ गते अपरान्ह ४:०० बजेसम्म ।
सम्पर्क मितिः २०८१/०५/०८ गते ।
आवश्यक कागजातहरुः नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता प्रमाणपत्रहरुका प्रामाणित प्रतिलिपि ।
परीक्षा मितिः सम्पर्क मितिमा तोकिनेछ ।
ग्राह्यताः माथिल्लो योग्यता भएका उम्मेदवारलाई प्राथमिकता दिइने छ ।
**नोट**ः दरखास्त दस्तुर सानिमा बैंकको खाता नं ०६२०१००१००००१०७ मा शुल्क जम्मा गरी स्क्यान बैंक भौचर ईमेल ठेगाना chandrathapa2027@gmail.com मार्फत पनि दिन सकिने छ ।

थप जानकारीका लागि मो.नं. प्र.अ.९८४५६८७९९९, स.प्र.अ.९८४६८७२६१८, विद्यालय व्यवस्थापन समिति अध्यक्ष ९८४५५३९७३० वा विद्यालयमा सम्पर्क गर्न सकिने छ ।

**प्रधानाध्यापक**
**श्री देवकी माध्यमिक विद्यालय/ प्राविधिक शिक्षालय**
**बागमती गाउँपालिका-५, लिलदमार ज्यामिरे**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# सेयर बजारमा...

हुँदैन । अरुले जुन आइडियाले कमाएको छ, त्यो सबै आइडिया आफूसँग नहुन सक्छ । अरुको कमाइ दैवसंयोगले जुटाइदिएको पनि हुन सक्छ ।

ट्रेडिङ गरेर कमाउनेले टेक्निकल एनालाइसिसको सहायता लिन्छन् । टेक्निकल एनालाइसिस सिकेको छु भन्दैमा सबैले कमाउँछन् भन्ने हुँदैन । एनालाइसिसका विभिन्न टुलमध्ये कुन कति सान्दर्भिक छन् र कसलाई कति भार दिने भन्ने महत्वपूर्ण हुन्छ ।

टेक्निकल एनालाइसिसले मूल्य हिंडिसकेपछि तुरुन्त संकेत गर्ने हो । हिंड्नुभन्दा पहिले अनुमान गर्ने व्यक्ति पनि सेयर बजारमा हुन्छन् । परिवेश, मनोविज्ञान र माहोलको अध्ययन विश्लेषण गरेर पूर्वानुमान गर्ने व्यक्तिहरूले नाफा कमाउन सक्छन् । अब सरकारले यस्तो नीति ल्याउँछ, आममानिसको धारणा यस्तो बन्छ, ठूला लगानीकर्ताको धारणा यस्तो बन्छ भन्ने उनीहरूले पूर्वानुमान गर्छन् ।

कसैले कम्पनीको व्यवस्थापन, बिजनेस प्लान, कारोबारको ट्रेन्ड, वित्तीय प्रतिवेदन, क्षेत्रगत बजारको सम्भावना आदिको अध्ययन गरेर कम्पनीको मुनाफा भविष्यमा बढ्छ भन्ने आकलन गर्छन् । यसलाई फन्डामेन्टल एनालाइसिस भनिन्छ। उनीहरुले मुनाफा बढ्ने आकलन गरेका कम्पनीका सेयर किन्छन् ।

कम्पनीको सूचनामा पहुँच हुनेले त्यसको दुरुपयोग गरेर पहिल्यै सेयर किन्ने वा बेच्ने गर्न सक्छन् । यसलाई इनसाइडर ट्रेडिङ भनिन्छ। नीति निर्माणको सूचनामा पहुँच हुनेले पनि दुरुपयोग गर्न सक्छन् । यसलाई पोलिटिकल इन्साइडर ट्रेडिङ भनिन्छ । जस्तै नेपाल राष्ट्र बैंकले सेयर धितो कर्जाको सीमा हटाउने नीति जारी गर्दैछ भन्ने पहिले सूचना पाउने व्यक्तिले सेयर किन्न सक्छ ।

बजारमा नीतिगत र कम्पनीविशेषको सम्बन्धमा अफवाह फैलाएर, गलत सूचना सम्प्रेषण गरेर, साना विषयलाई उचालेर, असान्दर्भिक विषय उठाएर, शब्दजालबाट भ्रमित पारेर वा अन्य तरिकाबाट आम लगानीकर्तालाई धारणा बदल्न प्रेरित गरिन्छ। मूल्य घटाएर आफूले सेयर किन्न वा बढाएर बेच्न यस्तो सञ्चार प्रवाह गरिन्छ ।

व्यक्ति वा समूह मिलेर कुनै कम्पनीविशेषको सेयर लगातार मूल्य बढाएर किन्ने गरिन्छ । यो कम्पनीमा के राम्रो हुँदै रहेछ र यसरी मूल्य बढेको होला भन्ने अनुमानमा अरू धेरै मानिस सेयर किन्न झुम्मिन्छन् । अनि पहिले मिलेर मूल्य बढाएकाहरूले सेयर बेच्न सुरु गर्छन् । तर, वास्तवमा कम्पनीको कुनै राम्रो हुनेवाला केही हुँदैन । यस्तो विधिलाई कर्नरिङ भनिन्छ ।

जे जसरी मूल्य बढ्न वा घट्न लागेको भए पनि त्यसलाई पछ्याउने भनेर टेक्निकल एनालाइसिसका टुल बनाइएका हुन् । यसले विगतको ट्रेन्डका आधारमा भविष्यको प्रक्षेपण गर्ने हो । पहिले जे भएको थियो, अहिले हुबहु त्यही हुँदैन । त्यसैले टेक्निकल एनालाइसिसमा शतप्रतिशत एक्कुरेसी हुन्छ भन्ने हुँदैन ।

लिडरको फलो गरेर नाफा कमाउने विधि पनि हुन्छ । ठूलो सेयर कारोबार गर्ने व्यक्तिले कुन सेयर किन्दो रहेछ भनेर पत्ता लगाउने र आफूले त्यही किन्ने । त्यस्तै, उसले बेचेपछि बेच्ने । निश्चित व्यक्तिले निश्चित ब्रोकरबाट कारोबार गर्ने हुँदा अमूक ब्रोकरको फ्लोरसिट अध्ययन गर्नेको संख्या पनि ठूलै हुन्छ ।

सेयर बजार जिरो सम गेम हो । यहाँ एउटाले नगुमाई अर्कोले कमाउन मिल्दैन। सेयर बजारमा बाहिरबाट आउने पैसा भनेको कम्पनीहरूको लाभांश हो । अगस्ट १ को नेप्से सूचकअनुसार कम्पनीहरुको औसत वार्षिक प्रतिफल दर १.७३ प्रतिशत छ । एक व्यक्तिले वर्षमा चार पटक सेयर कारोबार गर्दा १.७३ प्रतिशत प्रतिफलबराबरको रकम ब्रोकर कमिसनमा जान्छ ।

सेयर बजारमा १० प्रतिशतले कमाउँछन्, ९० प्रतिशतले गुमाउँछन् भन्ने गरिन्छ । कमाउनेमध्ये पनि सीमित व्यक्तिले धेरै कमाउँछन् भने बाँकीले थोरै मात्र कमाउँछन् । गुमाउनेमा धेरै व्यक्तिले बढी नै गुमाउँछन् भने केहीले अलिअलि गुमाउँछन् ।

जोखिम जे व्यवसाय गरे पनि हुन्छ। फेन्सी, किराना पसल, बरफ उद्योग, माछापालन, तरकारी खेतीमा पनि नोक्सानी हुन सक्छ । अर्थशास्त्रको नियमअनुसार सिद्धान्ततः ती सबै व्यवसायीले नाफा गर्न सम्भव छ तर व्यवहारमा सीप, क्षमता, बजारको माग आदिका आधारमा अधिकांश घाटामै जाने गरेको पाइन्छ ।

सेयर बजारमा प्रवेश गरेर आफूलाई स्मार्ट बनाउने प्रयास गर्न सकिन्छ । प्रतिस्पर्धामा जितेर कमाउने हो, नत्र गुमाउनुपर्छ भन्ने स्वीकार गर्नुपर्छ। आफूले वहन गर्न सक्ने जोखिमभित्र रहेर सेयर बजार खेल्नु रमाइलो, शिक्षाप्रद र लाभदायक हुन सक्छ। धेरै नाफाको आस गर्ने हो भने धेरै गुमे पनि सहन तयार हुनुपर्छ । *(स्रोतः कारोबारदैनिक)*

# गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउनु पर्छः मन्त्री थापा



*कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै स्वास्थ्य मन्त्री किरण थापा ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले आम नागरिकको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन जरुरी रहेको बताउनुभएको छ । उहाँले नागरिकले अपनत्व ग्रहण गर्नेगरी नीति कार्यक्रम र योजना निर्धारण गरेर सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्ने बताउनुभयो ।

सेभ द चिल्ड्रेनको ग्लोबल फण्ड अनुदान मार्फत् निर्माण गरिएको स्वास्थ्य सामग्री भण्डारण भवन हस्तान्तरण कार्यक्रममा बोल्नुहुँदै मन्त्री थापाले नागरिकहरुको गुनासो सम्बोधन गर्दै विकट क्षेत्रमा सरकारका सेवा सुविधा र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्नुपर्ने चुनौति रहेको बताउनुभयो । नागरिकको आवश्यकताका आधारमा तीन तहको सरकारसँगको समन्वयमा स्वास्थ्य उपचार सेवालाई गुणस्तरीय बनाउनु गम्भीर हुनुपर्ने अवस्था रहेको उहाँको भनाई छ ।

उहाँका अनुसार विगतमा केही कमिकमजोरी र त्रुटिका कारण नागरिक स्वास्थ्य सेवाबाट बन्चित हुनुपर्ने तथा सामान्य औषधी उपचारबाट पनि टाढा रहनु परेको थियो । सो विषयलाई सम्बोधन गरेर पीछडिएका वर्गलाई समेत स्वास्थ्य सेवाको मुलधारमा ल्याउन भूमिका खेल्नुपर्ने उहाँको भनाई छ । प्रदेश सरकारसँग पर्याप्त भौतिक संरचना नहुँदा औषधी तथा भ्याक्सिनजन्य सामग्रीहरुको भण्डारणमा समेत समस्या हुँदै आएको उहाँले औंल्याउनुभयो । नयाँ भवन प्राप्त भएसँगै भण्डारणका कारण औषधीजन्य पदार्थको गुणस्तर कायम गर्न तथा व्यवस्थापनमा समस्या भोग्नु परेको अवस्था अन्त्य भएको उहाँले बताउनुभयो ।

'प्रदेशस्तरको स्वास्थ्य प्रणाली सुदृढ गर्न सेभ द चिल्ड्रेन र ग्लोबल फण्डको महत्वपूर्ण भूमिका रहेको छ । सेभ द चिल्ड्रेनको सहयोगमा नवनिर्मित भवन विविध प्रकारका औषधि तथा चिकित्सा क्षेत्रको सामग्रीहरु उचित तवरले भण्डारण गर्न निकै उपयोगी हुनेछ । विशेषगरी स्वास्थ्य सेवाबाट बञ्चित सर्वसाधारणको औषधीसम्बन्धी आवश्यकतालाई सम्बोधन गर्ने सो भवन प्रभावकारी हुनेछ ।' उहाँले भन्नुभयो ।

सेभ द चिल्ड्रेन नेपालकी राष्ट्रिय निर्देशक तारा क्षेत्रीले स्वास्थ्य सेवा आपूर्तिलाई सुदृढ बनाउनुका नवनिर्मित भवन उपयोगी हुने बताउनुभयो । सरकारको विकेन्द्रीकृत र पहुँचयोग्य स्वास्थ्य प्रणालीको अवधारणा अनुरुप सो भवन निर्माण गरिएको उहाँको भनाई छ । उहाँले आवश्यक औषधिहरुको आपूर्ति र मागको व्यवस्थापनमा भवनले सहयोग पुऱ्याउने बताउनुभयो । क्षयरोग, औलो, एचआईभी सम्बन्धी स्वास्थ्य सेवाहरु र औषधिहरु प्रभावित नागरिकको पहुँचमा पुऱ्याउन तथा अस्पताल र फार्मेसीहरुबीचको समन्वयलाई सुधारमा महत्वपूर्ण हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

# जिल्लास्तरीय वक्तृत्वकलामा खड्का प्रथम



समाज संवाददाता

हेटौँडाः जिल्लास्तरीय वक्तृत्वकला प्रतियोगितामा कुसुम खड्का प्रथम हुनुभएको छ । नमुना प्रगति बचत तथा ऋण सहकारी संस्थाको २७ औं वार्षिक उत्सवको अवसरमा साहित्य संगम मकवानपुरको व्यवस्थापनमा बिहीबार भएको प्रतियोगितामा हेटौंडा-५ स्थित हेटौंडा सिटी कलेजमा कक्षा-१२ मा अध्ययनरत खड्का प्रथम हुनुभएको हो ।

प्रतियोगितामा हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेन्डरी स्कूलमा कक्षा-९ मा अध्ययनरत देविना सञ्जेल द्वितीय हुनुभएको छ । हेटौँडा-४ स्थित हेटौँडा क्याम्पसमा कक्षा-१२ मा अध्ययनरत सुशीला तामाङ तृतीय हुँदा हेटौँडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयमा कक्षा-११ मा अध्ययनरत सिद्धार्थ फुँयाल सान्त्वना हुनुभएको छ । 'आर्थिक समृद्धिमा सहकारीको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगितामा हेटौँडा उपमहानगरपालिका र मकवानपुरगढी गाउँपालिकाका विद्यालयबाट ३८ जना विद्यार्थी सहभागी भएका थिए । प्रतियोगितामा सहभागी हुनका लागि ४६ जना विद्यार्थीले नामदर्ता गराएकोमा ८ जना अनुपस्थित भएका थिए ।

सहकारी र साहित्य क्षेत्रलाई विद्यार्थीसँग जोड्नका लागि वार्षिक उत्सवको अवसरमा पहिलो पटक प्रतियोगिता आयोजना गरेको बताइएको छ । मकवानपुरगढी गाउँपालिकाको भानु माध्यमिक विद्यालयबाट २ जना र शारदा माध्यमिक विद्यालयबाट १ जना विद्यार्थी र हेटौँडा उपमहानगरको विद्यालय एवम् क्याम्पसका विद्यार्थीको सहभागिता रहेको थियो ।

प्रतियायोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेहरुले क्रमशः ५ हजार, ३ हजार, २ हजार र १ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् । नमूना प्रगति सहकारीका अध्यक्ष मीठाराम दहालको सभाध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रीप्रसाद लम्सालको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन तथा पुरस्कार वितरण समारोह भएको हो । कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठ, साहित्यकार सुवास खनाल र झरना साहित्यिक परिवारका अध्यक्ष विश्वनाथ सञ्जेलले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो । कार्यक्रममा बागमती प्रदेशको खानेपानी, उर्जा तथा सिँचाइ मन्त्रालयका पूर्वमन्त्री एकालाल श्रेष्ठ, साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको पनि उपस्थिति रहेको थियो ।

# सिस्नुपानीले गाईजात्रा विशेष कार्यक्रम गर्ने

समाज संवाददाता

हेटौंडाः सिस्नुपानी नेपाल मकवानपुरले गाईजात्रा विशेष कार्यक्रम आयोजना गर्ने भएको छ । आगामी भदौ ४ गते सिस्नुपानीले गाईजात्रा विशेष हास्यव्यङ्ग्य कार्यक्रम आयोजना गर्ने भएको हो ।

गाईजात्रा भदौ ५ गते भए पनि ४ गते जनैपूर्णिमाको दिन सार्वजनिक विदा पर्ने भएकाले विविध हास्यव्यङ्ग्य कार्यक्रमको आयोजना गर्न लागेको संस्थाका अध्यक्ष राजकुमार लामिछाने जानकारी दिनुभएको छ । कार्यक्रममा हास्यव्यङ्ग्य कविता वाचन, क्यारिकेचरलगायत विविधि कार्यक्रम हुने उहाँले बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको सहयोगमा संस्थाले २०७८ सालदेखि गाईजात्रा विशेष कार्यक्रम गर्दै आएको छ । समाजमा विद्यमान विकृति, विसंगतिहरुलाई न्यूनीकरण गर्न र हास्यव्यङ्ग्यमार्फत् उजागर गर्नका लागि कार्यक्रम आयोजना गर्न लागेको उहाँले बताउनुभयो । कार्यक्रममा स्थानीय साहित्यकार र कलाकारहरुको प्रस्तुति रहनेछ ।

## बागमती प्रदेशमा विपद् व्यवस्थापनमा बीमाको बहस

# विज्ञ नियुक्त गरेर योजना कार्यान्वयन गर्न समितिको निर्देशन

समाज संवाददाता

हेटौँडाः नेपालमा अहिले मनसुनको मध्य अवधि चलिरहेको छ । मनुसन भित्रिएदेखि देशका विभिन्न स्थानमा विपद्का घटनाहरु भइरहेका छन् । हरेक वर्ष विपद्मा परेर मानवीयसँगै अर्बौं रुपैयाँ बराबरको भौतिक क्षति समेत व्यहोर्नु परेको अवस्था छ ।

मनसुनजन्य विपद्को दृष्टिले बागमती प्रदेश उच्च जोखिममा रहेको छ । बहुप्रकोपी विपद्को जोखिममा रहेको बागमती प्रदेशमा बाढी पहिरो लगायतका विपद्जन्य घटना हुने गरेको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार बागमती प्रदेशका ६ जिल्ला उच्च जोखिममा रहेका छन् भने अन्य ७ जिल्ला मध्यम जोखिममा रहेका छन् । प्रदेशका १३ जिल्ला मध्ये रसुवा, चितवन, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट र दोलखा विपद्को उच्च जेखिममा रहेका छन् भने मकवानपुर, सिन्धुली, रामेछाप, काभ्रे, काठमाडौं, भक्तपुर र ललितपुरमा जोखिम कम रहेको विभागले उल्लेख गरेको छ ।

गत आर्थिक वर्षमा मात्र विपद्का घटनामा परेका बागमती प्रदेशका १३ जिल्लामा ८८ जनाको मृत्यु भएको तथ्यांक रहेको छ । प्रदेशभर भएका ८५६ वटा विपद्का घटनाहरुमा परेर १८४ जना घाइते भएका छन् भने ४३ जना बेपत्ता भएको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार विपद्का कारण ६१९ वटा पशु चौपाया, १८९ वटा भौतिक पूर्वाधार र आर्थिक रुपमा ५१ करोड ६७ लाख रुपैयाँको क्षति व्यहोरेको छ ।

विपद्का घटना न्यूनीकरणका लागि विभिन्न पहल पनि गरिरहेको छ । तर, पहल अनुसारको नतिजा भने प्राप्त हुन सकेको छैन । विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणका लागि मन्त्रालयले १३ जिल्लामा १ करोड ७० लाख रुपैयाँ बजेट वितरण गरेको छ । सो रकम विपद् व्यवस्थापनका विभिन्न क्रियाकलापसँगै राहत र उद्दारमा खर्च गरेको मन्त्रालयकी सूचना अधिकारी रविता कार्कीले जानकारी दिनुभयो ।

उहाँका अनुसार मन्त्रालयले विपद् व्यवस्थापन र न्यूनीकरणका लागि खोज तथा उद्दार कार्य प्रभावकारी बनाउन ३ करोड रुपैयाँको उद्दार सामग्री खरिद गरेको छ । प्रदेशका विभिन्न जिल्लामा हुने विपद्का घटनाहरुमा तत्काल उद्दारमा खटिन सो सामग्रीहरु प्रयोग गर्नेगरी स्टोर गरिएको उहाँले बताउनुभएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि १९ जनालाई गोताखोर तालिम प्रदान गरिएको उहाँले बताउनुभयो । विपद् व्यवस्थापन वेस (गुल्म) भवन हेटौँडा र काभ्रेमा निर्माण भई सञ्चालनमा ल्याएको सचिव पूर्णबहादुर दर्जीले बताउनुभएको छ । विपद् सुरक्षा संस्कृति निर्माण गर्ने उद्देश्यसहित विपद् व्यवस्थापनका लागि स्वयम्सेवक समूह निर्माण तथा परिचालनका लागि प्रदेश स्वयम्सेवक व्युरो तथा स्वयम्सेवक परिचालन सम्बन्धी कार्यविधि, २०८० तर्जुमा गरी कार्यान्वयनमा रहेको उहाँको भनाई छ । सो कार्यविधि अनुसार प्रदेशका ११ स्थानीय तहका वडास्तरमै स्वयम्सेवक समूह गठन गर्नका लागि ४ लाख २५ हजार रुपैयाँका दरले आर्थिक सहायता अख्तियारी प्रदान गरिएको उहाँले बताउनुभयो ।

प्रदेशमा विपद् बीमाको अभ्यासको बहस समेत सुरु भएको छ । प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण र राहतमा अधिकतम सेवा प्रदान गर्ने उद्देश्य अनुसार बीमा गर्ने विषयलाई बहसमा ल्याएको हो । त्यसो त गत साउन १६ मा बसेको प्रदेशसभाको प्रदेश मामिला समितिको बैठकमा समेत विपद् बीमाको विषयले प्राथमिकता पाएको थियो । बैठकमा प्रदेश सभा सदस्यहरुले बीमा मार्फत् नागरिकको आर्थिक तथा मानवीय क्षतिको जोखिम बहन गर्न सकिने बताएका थिए । सो विषयमा तत्काल छलफल गरी ढाँचा तयार गर्न उनीहरुले आग्रह गरेका थिए । प्रदेश सरकार र नागरिकको अपनत्व रहने गरी बीमा कार्यक्रम तय गर्न सके उपयुक्त हुने उनीहरुको भनाई थियो ।

उक्त विषयमा प्रदेश मामिला समितिका सभापति छिरिङ दोर्जे लामाले समेत छलफल र प्रक्रिया अघि बढाउन रुलिङ गर्नुभएको थियो । उहाँले नागरिकको हित हुने र विपद् जोखिम न्यूनीकरणमा सबैपक्षको दायित्व तथा जिम्मेवारी रहने गरी बीमा कार्यक्रम तय गर्न निर्देशन दिनुभएको थियो । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीका अनुसार विभिन्न प्रकोपबाट हुन् सक्ने विपद्को जोखिमलाई बीमाको माध्यमबाट हस्तान्तरण गर्ने योजना रहेको छ । सो विषयमा संघीय सरकार, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त निर्देशन प्रदेश सरकारले ढाँचा तय गर्ने उनको भनाई छ ।

विपद्का कारण जोखिम र क्षति व्यहोरेका नागरिकको राहतका लागि बीमाको विषयमा बहसको थालनी गरिएको उहाँले बताउनुभयो । गृह मन्त्रालयको केही दिनअघि बसेको बैठकले पनि बीमाको विषयमा केही निर्णय गरेको र सोही आधारमा प्रदेश सरकारले थप निर्णय तथा काम अघि बढाउने तयारी गरेको उहाँको भनाई छ । 'हामीले अहिले विपद् बीमाको विषयमा छलफल गरिरहेका छौं । विशेषगरी संघीय सरकारले तय गरेको मार्गदर्शन अनुसार विपद् व्यवस्थापनमा काम भइरहेकाले सोही अनुसार मोडल तयार गर्ने विषयमा मन्त्रालयले सोच निर्माण गरेको छ ।' उहाँले भन्नुभयो, 'पहिलो त संघीय सरकारको बीमाका विषयमा के निर्णय हुन्छ । त्यो आधारमा प्रदेश सरकारको आवश्यक थप प्रक्रिया र निर्णय गर्ने हो । केही दिनअघि गृह मन्त्रालयमा पनि विपद् बीमाका विषयमा केही निर्णयहरु भएको छ । त्यसको परिपत्र प्राप्त भएपछि थप आधारहरु तयार हुनेछ ।'

प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरणमा गरेका पहलहरुलाई अझ सशक्त र प्रभावकारी बनाउन ऐनमा नै बीमाका विषय समावेश गर्ने र कार्यान्वयनमा जाने तयारी गरेको उहाँले बताउनुभयो । ऐनको व्यवस्था अनुसार कार्यविधि, नियमावली तयार गरेर विपद् जोखिम बहनको क्षेत्राधिकार फराकिलो बनाउने र प्रभावित नागरिकलाई आर्थिक सहायतामा सघाउ पुग्ने गरी अघि बढाउने सरकारले तयारी गरेको उहाँले जानकारी दिनुभयो । केन्द्रको निर्णयको परिपत्र प्राप्त भएसँगै विभागीय मन्त्रालयको हिसाबले प्रदेशमा बीमाका विषयमा छलफल अघि बढाउने र ठोस मोडल तथा कार्यक्रम निर्धारण गरिने सचिव दर्जीको भनाई छ ।

प्रदेश मामिला समितिको साउन १६ गतेको बैठकले विपद् व्यवस्थापनमा सरकार गम्भिर भएर अघि बढ्न निर्देशन दिएको छ । बैठकले विपद् व्यवस्थापनका लागि राहत उद्दारसँगै जोखिम न्यूनीकरणका कार्यक्रम प्रभावकारी बनाउन निर्देशन दिएको हो । प्रदेशमा हुने कुनैपनि किसिमका प्राकृतिक तथा गैरप्राकृतिक विपद्को प्रतिकार्यका लागि मन्त्रालय तयारी अवस्थामा रहनु पर्ने र त्यसका लागि ठोस कार्यक्रम तयार गर्न निर्देशन दिएको हो । समितिका सभापति छिरिङ दोर्जे लामाले विपद् व्यवस्थापनमा विज्ञहरु नियुक्त गरेर कार्यक्रमहरु अघि बढाउन निर्देशन गरेका छन् ।

उनले हचुवाका भरमा योजना तथा कार्यक्रम निर्धारण उपयुक्त नहुने भएकाले विज्ञको सुझाव अनुसार काम गर्नुपर्ने बताउनुभयो । सोही अनुसार प्रदेशको अवस्था र विपद्को अध्ययन तथा भुगोलका विषयमा जानकारी भएका व्यक्तिलाई विपद् व्यवस्थापनमा सहभागी गराउन सरकारलाई निर्देशन दिनुभएको छ । उहाँले विपद् व्यवस्थापनका लागि भुगर्भविद्, वातावरणविद्हरु नियुक्त गरेर योजनाहरु कार्यान्वयन गर्नुपर्ने भएकाले तत्काल सो विषयमा निर्णय गर्न निर्देशन दिनुभएको छ ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ